स्थानीय सरकार

# सुनकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पाङ्गेटार, सिन्धुपाल्चोक

स्थापना: २०७३

## आन्तरिक आय तर्फको विद्युतिय बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०४/३१)**

स्थानीय सरकार संचालन ऐन, २०७४, दफा ११ ३ (६) मा भएको व्यवस्था, यस गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि, २०७९ (पहिलो संसोधन सहित), स्वीकृत संक्षिप्त वातावरणिय परिक्षण प्रतिबेदन, बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८० को दफा ९(१) र सो सँग सम्बन्धित अनुसूची -५ मा भएको व्यवस्था अनुसार तपसिलमा उल्लेखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी सुनकोशी गाउँपालिकाले निधारण गरेको दरमा बिक्री गर्ने गरी आ.व. २०८०/८१ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रक्रिया पूरा गरेका योग्य ईच्छक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र न्यूनतम मूल्यमा नघट्ने गरी PPMO को वेबसाइट http://www.bolpatra.gov.np/egp बाट Bid Document Download गरी बोलपत्र फारम खरिद गरि ३१ (औं) दिनको १२:०० बजेभित्र E–bidding मार्फत बोलपत्र पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीको लागि कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

**ठेक्का विवरण**

| क्र. सं. | बोलपत्र नं. | ठेक्काको विवरण | आ.ब २०८०/८१ को लागि निर्धारण गरिको उत्खनन्/बिक्री परिमाण (घन.फीट) | प्रति एकाई दर | न्युनतम बोलपत्र रकम रु (मु. अ. कर बाहेक) | धरौटी रकम रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | SRM/NCB/IR/01/2080-81 | सुनकोशी नदिको सुनकोशी हाइड्रो पावरदेखि चेहेरेसम्मको संक्षिप्त वातावरणीय परीक्षण प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा संकलन/उत्खनन् बिक्री (स्वीकृत खानी क्षेत्रबाहेक) कार्यको लागि। | ६,१४,५६८.०० | प्रति घनफिट संकलन रु. ३ र बिक्री रु. ६ गरि जम्मा ९ (मु.अ कर बाहेक) | ५५,३१,११२.०० (पचपन्न लाख एकतिस हजार एक सय बाह्र रुपैयाँ मात्र) | कुल कबोल अंक को ५% ले हुन आउने रकम वा १२० दिन म्याद भएको बैंक जमानत (मु.अ कर सहित) | ३००० |

**ठेक्का सम्बन्धी शर्तहरु:**

१. माथि उल्लिखित बोलपत्र भर्दा कूल कबोल रकम अंक र अक्षर दुबैमा खुलाउनु पर्नेछ। जुन कबोल कर्ताको अंक बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ।

२. ठेक्का अवधि यस गाउँपालिकासँग सम्झौता भएको मिति देखि २०८१ असार मसान्तसम्म कायम रहनेछ।

३. ठेक्का सम्झौता भए पछि कुनै पनि किसिमको बन्द, हड्ताल, महामारी, बाढी पहिरो आदिको कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षतिपूर्ती दाबी गर्न पाइनेछैन। साथै, संक्षिप्त वातावरणीय प्रतिवेदनले निषेध गरेको अवधि तथा नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् गर्न पाइनेछैन।

४. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको लक्ष्मी बैंक लि. खाडीचौरस्थित बैंक धरौटी खाता नं. ०२७०३०००००९९ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैक जमानत (बिड बण्डको सक्कल प्रति) दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरिएको रकम किस्तामा समावेश गरिने छैन। बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ।

५. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम लक्ष्मी बैंक लि. खाडीचौरस्थित आन्तरिक राजस्व खाता नं. ०२७०३००००१७ मा सम्बन्धित फर्मको नामबाट दाखिला भएको हुनुपर्नेछ।

६. सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा E–Bidding मार्फत बोलपत्र बुझाउनु पर्नेछ। साथै, बोलपत्र फारम सुनकोशी गाउँपालिकाको वेवसाइट www.sunkoshiruralmun.gov.np मा समेत राखिएको छ र PPMO को वेवसाइट http://www.bolpatra.gov.np/egp बाट समेत डाउनलोड गरी E–Bidding मार्फत पेश गर्नु पर्नेछ। कार्यालयमा प्राप्त भएका बोलपत्रहरु सोही दिन दिनको १:०० बजे खोलिनेछ।

७. ठेक्का सम्बन्धी पूर्ण सूचना तथा शर्तहरु सुनकोशी गाउँपालिकाको वेवसाइट www.sunkoshiruralmum.gov.np / PPMO को वेवसाइट http://www.bolpatra.gov.np/egp बाट download गर्न सकिनेछ।

**नि.प्रमुख प्रसासकिय अधिकृत**